# प्रदेश आर्थिक बुलेटिन

वर्ष १, अंक ३ असोज,२०८२




**सम्पादकीय**

गण्डकी प्रदेशको समग्र आय-व्यय र अन्य आर्थिक गतिविधिका बारेमा सरोकारवाला सबैलाई जानकारी दिने उद्देश्यले २०८२ साउन महिनादेखि मासिक रुपमा आर्थिक बुलेटिन प्रकाशन गर्न थालनी भएको छ। चालु आ.व.२०८२/८३ को असोज महिनासम्मको आय-व्ययको विवरण समावेश गरी यो अङ्कको आर्थिक बुलेटिन प्रकाशन गरिएको छ।

गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्ष २०८२/८३ को असोज महिनासम्म प्रदेशको आन्तरिक राजस्व सङ्कलन लक्ष्यमा २.१५ प्रतिशतले कमी आएको छ भने खर्च समेत घटेको छ। नेपाल सरकारबाट प्रदेशलाई प्राप्त हुने राजस्वमा केही बृद्धि भएतापनि प्रदेशको समग्र आयमा गत वर्ष असोजसम्मको तुलनामा १.२ प्रतिशतले कमि आऐको छ।

**प्रकाशन तथा सम्पादन**

**वित्त व्यवस्थापन तथा आर्थिक विश्लेषण महाशाखा**

**प्रदेश सरकारको आम्दानीः**

१. दुई आर्थिक वर्षलाई तुलना गरी हेर्दा आ.व. २०८२/८३ को असोज महिनासम्ममा आन्तरिक आम्दानी तर्फ रु ६ करोड ६१ लाख ८२ हजार र संघबाट प्राप्त अनुदानमा रु ५६ करोड ७ लाख १६ हजारले कम प्राप्त भएको छ भने संघबाट प्राप्त हुने राजश्वमा रु ९ करोड ३४ लाख ३ हजारले वृद्धि भएतापनि जम्मा आम्दानी रु ५३ करोड ३४ लाख ९४ हजारले कम रहेको छ।

**तालिका १: दुई आ.व. को असोज महिना सम्मको राजश्व प्राप्तिको अवस्था (रु करोडमा)**

| विवरण | आ. ब. २०८१/८२ | | आ.ब. २०८२/८३ | |
|---|---|---|---|---|
| | वार्षिक लक्ष | आम्दानी | वार्षिक लक्ष | आम्दानी |
| आन्तरीक आम्दानी | ५१७.०० | ५२.४८ | ५७३.४४ | ४५.८६ |
| संधबाट प्राप्त अनुदान | १३०८.३६ | ३१६.६५ | १२२३.३६ | २६०.५८ |
| संधबाट प्राप्त रोयल्टी | ४८.१० | ०.०० | २२.४० | ०.०० |
| संधबाट प्राप्त राजश्व | ९६१.१२ | १२४.४९ | ९७९.२९ | १३३.८३ |
| आन्तरीक ऋण | १७०.०० | ०.०० | १७५.०० | ०.०० |
| गत वर्षको नगत मौज्दात | २९३.२८ | ०.०० | २२४.५१ | ०.०० |
| जम्मा | ३२९७.८६ | ४९३.६२ | ३१९८.०० | ४४०.२७ |

स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, गण्डकी प्रदेश

**प्रदेश सरकारको खर्चः**

१. विगतका आर्थिक वर्षहरुमा जस्तै चालु आर्थिक वर्षको यस अवधिमा अपेक्षा बमोजिम रकम खर्च हुन भने सकेको छैन। प्रदेशको स्रोत प्राप्तिमा आएको संकुचनले खर्च गर्ने क्षमतामा पनि कमि आएको छ। अघिल्लो आर्थिक वर्षमा असोज महिना सम्मको खर्च यस आर्थिक वर्षमा भन्दा केही बढी हुन गएको छ। भदौ २३/२४ को जेनजी आन्दोलनबाट बिभिन्न कार्यालय/निकाय तथा मन्त्रालयका भौतिक संरचना, कर्मचारी कार्यकक्ष, मेसिनरी औजार आदिमा भएको क्षतिले यस अवधिमा कार्य सम्पादनले गति लिन सकेको अवस्था भने छैन।

२. आर्थिक वर्ष २०८१/८२ को असोज महिनासम्म जम्मा चालू तर्फ रु ९६ करोड ३९ लाख ४ हजार ८ सय ४० , पूँजीगत तर्फ रु १ अर्ब ६० करोड ३४ लाख १८ हजार १ सय र स्थानीय तह तर्फ जम्मा रु ५८ करोड ४५ लाख ३१ हजार २ सय ५ गरी जम्मा रु ३ अर्ब १५ करोड ८ लाख ५४ हजार ५ सय ३० मात्र वित्तीय प्रगति भएको छ भने आर्थिक वर्ष २०८२/८३ को असोज महिनासम्म जम्मा चालू तर्फ रु ९२ करोड ९ लाख ९ हजार ५ सय १ , पूँजीगत तर्फ रु १ अर्ब ५२ करोड ८७ लाख ९४ हजार ४ सय ४० र स्थानित तह तर्फ जम्मा रु २० करोड ६४ लाख ११ हजार ७ यस ५० गरी जम्मा रु २ अर्ब ६५ करोड ६१ लाख १५ हजार ७ सय मात्र वित्तीय प्रगति भएको छ। सो प्रगति गत आर्थिक वर्षको सोही अवधिको प्रगतिसँग तुलना गर्दा रु ४९ करोड ४७ लाख ३८ हजार ८ सय ३० ले कमी हुन आउछ।

३. गत आर्थिक वर्षको असोजसम्ममा जम्मा विनियोजनको ९.५५ प्रतिशत खर्च भएकोमा यस आर्थिक वर्षको सोही अवधिमा ८.३० प्रतिशत मात्र खर्च भएको छ।

तालिकाः २ तिन आर्थिक वर्षको खर्चको विवरण रु हजारमा

| महिनाको | आर्थिक वर्ष | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | २०८०/८१ | | | | २०८१/८२ | | | | २०८२/८३ | | | |
| | चालु खर्च | पूँजिगत खर्च | वित्तिय | स्थानीय तह | चालु खर्च | पूँजिगत खर्च | वित्तिय | स्थानीय तह | चालु खर्च | पूँजिगत खर्च | वित्तिय | स्थानीय तह |
| श्रावण | २४४८.५० | २६०१३.८४ | ०.०० | ०.०० | १३६२८.०८ | ४९७९१.८३ | ०.०० | ०.०० | १४२१२.५१ | ४३३५५.३५ | ०.०० | ०.०० |
| भाद्र | २६२८४८.५६ | ७६२८३७.२७ | ०.०० | १५९७७२.५० | ३०४९१०.६८ | ५७८६८९.८७ | ०.०० | २७१३३६.२५ | ३१९८१०.३० | ५१४६६५.४६ | ०.०० | ३७२२०.२५ |
| असोज | ६९३५३०.८२ | ९३९०२२.०२ | ०.०० | २९१६४४.१३ | ६४४३६६.०७ | ९७४९३६.७५ | ०.०० | ३१३१९५.०० | ५८६८८६.७१ | ९७०७७३.६४ | ०.०० | १६९१९१.५० |
| जम्मा खर्च | १४९८४०८.१३ | २१३२७२५.२७ | ०.०० | ८०४३६३.६३ | ९६२९०४.८४ | १६०३४१८.४५ | ०.०० | ५८४५३१.२५ | ९२०९०९.५१ | १५२८७९४.४४ | ०.०० | २०६४११.७५ |
| विनियोजन | १०६३१२३८.०० | २०१९०४६२.०० | ५००००0.00 | २१०५५००.०० | १११५००६०.०० | १९५१७९९३.०० | ३००००0.00 | २०१०५२२.०० | १०६३५६१६.०० | १९०९३३२४.०० | २५०००0.00 | २००१०५९.०० |
| खर्च प्रतिशत | १४.०९ | १०.५६ | ०.०० | ३८.२० | ८.६४ | ८.२२ | ०.०० | २९.०७ | ८.६६ | ८.०१ | ०.०० | १०.३२ |

स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, गण्डकी प्रदेश

४. आर्थिक वर्षको विनियोजनको आधारमा खर्च प्रतिशतलाई तुलना गर्दा वित्तिय व्यवस्था तर्फ कुनै पनि रकम खर्च नहुँदा चालु र  पूँजीगत तर्फ २०८०/८१ मा र स्थानीय तह तर्फ आर्थिक वर्ष २०८१/८२ मा बढी खर्च भएको देखिन्छ।

